# शिवसताक्षी नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड ३) झापा, फाल्गुण ११ गते, २०७६ साल (संख्या ३**

## भाग १
## शिवसताक्षी नगरपालिकाको
## सूचना

### शिवसताक्षी नगरपालिकाको सामाजिक सूरक्षा ऐन, २०७६

**प्रमाणीकरण मितिः २०७६/११/११**

प्रस्तावनाः शिवसताक्षी नगरपालिका क्षेत्रभित्रका अति विपन्न किसान, मजदुर ,श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिहरुको योगदानमा आधारित सामाजिक सूरक्षाको हक सुनिश्चित गर्न तथा योगदानकर्तालाई सामाजिक सूरक्षा प्रदान गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान २०७२ को धारा २२६ को उपधारा १ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा १ वमोजिम शिवसताक्षी नगरसभाले यो ऐन वनाई जारी गरेको छ ।

शिवसताक्षी नगरपालिका, झापा

## परिच्छेद १
## प्रारम्भिक

(१). **संक्षिप्त नाम र प्रारम्भः** १. यस ऐनको नाम शिवसताक्षी नगरपालिकाको सामाजिक सुरक्षा ऐन, २०७६ रहेको छ ।

२. यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(२). **परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः**

क) "आश्रित परिवार" भन्नाले योगदानकर्ताको एकासगोलमा वस्ने देहायको नाताको कुनै जीवित व्यक्ति सम्झनु पर्छः

१. पति वा पत्नी,
२. छोरा, वुहारी वा अविवाहिता छोरी,
३. बाबु, आमा, सासु, वा ससुरा,
४. नाति वा नातिनी,
५. पनाती वा पनातीनी

ख) "कोष अधिकारी" भन्नाले दफा ३१ वमोजिम नियुक्त कोषको अधिकारी सम्झनु पर्छ ।

ग) "कोष" भन्नाले दफा १९ वमोजिम स्थापना भएको सामाजिक सुरक्षा कोष सम्झनु पर्छ ।

घं) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यस ऐन वा ऐन अन्तरगत नियम वा विनियम वा कार्यविधिमा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्दछ ।

ङ) "नगरपालिका" भन्नाले शिवसताक्षी नगरपालिका सम्झनु पर्दछ ।

च) "कार्यपालिका" भन्नाले शिवसताक्षी नगर कार्यपालिका सम्झनु पर्दछ ।

छ) "योगदान" भन्नाले सामाजिक सूरक्षा योजना अन्तरगतको सुविधा प्राप्त गर्ने सम्पूर्ण योगदानकर्ता र नगरपालिकाले नियमित रुपमा कोषमा जम्मा गरेको वा गर्नु पर्ने रकमलाई सम्झनुपर्दछ ।

ज) "योगदानकर्ता" भन्नाले सामाजिक सुरक्षा योजनामा सूचीकृत भई समाजिक सुरक्षा नम्बर लिएको श्रमिक, मजदुर स्वरोजगारमा रहेको व्यक्ति, समितिले अति विपन्न कृषक भनि सिफारिस गरेको व्यक्ति, नेपालसरकाको कुनैपनि साामजिक सुरक्षा योजनामा नसमेटिएको व्यक्ति वा नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरि तोकेको व्यक्ति सम्झनु पर्दछ ।

झ) "समिति भन्नाले दफा २० बमोजिम गठन भएको कोषको सञ्चालक समिति सम्झनु पर्दछ ।

(ञ) "सामाजिक सुरक्षा योजना" भन्नाले कोषले दफा ९ बमोजिम सञ्चालित सामाजिक सुरक्षा योजना सम्झनु पर्दछ ।

शिवसताक्षी नगरपालिका, झापा

(ट) “सुविधा” भन्नाले सामाजिक सुरक्षा योजनामा गरेको योगदानका आधारमा दिईने सुविधा वा भुक्तानी सम्झनु पर्दछ ।

(ठ) “स्वरोजगारमा रहेको व्यक्ति” भन्नाले समितिको सिफारिसमा नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरि तोकेको स्वरोजगारमा रहेको व्यक्ति सम्झनुपर्दछ ।

(ड) “श्रमिक” भन्नाले पारिश्रमिक लिई शारिरीक वा बौद्धिक सेवा प्रदान गर्ने कामदार, कर्मचारी वा जुनसुकै पदनाम दिई काममा लगाएको व्यक्ति सम्झनुपर्छ र सो शब्दले समितिको सिफारिसमा स्थानिय राजपत्रमा सूचना प्रकाशन गरी तोकिएको अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकलाई समेत जनाउछ ।

(ढ) “अति विपन्न कृषक” भन्नाले स्थानिय राजपत्रमा सूचना प्रकाशन गरी तोकिएको आधारहरुवाट अति विपन्न वर्गका कृषक सम्झनुपर्छ ।

## परिच्छेद - २
## योगदानमा आधारित सामाजिक सुरक्षा योजना

**(३) योगदान नगरी सामाजिक सुरक्षा प्राप्त नहुने :** सामाजिक सुरक्षा योजनामा योगदान नगर्ने कुनै पनि व्यक्तिले यस ऐन वमोजिमको सामाजिक सुरक्षा प्राप्त गर्ने छैन ।

**(४) योगदान जम्मा गर्नु पर्ने :** १) प्रत्येक सूचिकृत योगदानकर्ताले दफा ७ वमोजिमको योगदान रकम नियमित रुपमा कोषमा जम्मा गर्नु पर्नेछ ।

२) उपदफा १ वमोजिम योगदान जम्मा गर्दा योगदान कर्ता सूचिकरण भएको दिन देखि सामाजिक सुरक्षा योजनाको अवधिको अन्तिम दिनसम्मको गर्नु पर्नेछ ।

३) कोषले अन्यथा तोकेकोमा वाहेक योगदान रकम जम्मा गर्दा मासिक रुपमा गर्नु पर्नेछ र पुरा महिनाको योगदान गर्नु नपर्ने भएमा दामासाहीका आधारमा गर्नु पर्नेछ ।

४) योगदान रकम प्रत्येक महिनाको ७ गते भित्र कोषमा दाखिला हुने गरी जम्मा गर्नु पर्नेछ ।

**(५) अनौपचारिक क्षेत्रका श्रमिक, अतिविपन्न कृषक तथा स्वरोजगारमा रहेका व्यक्ति सामाजिक सुरक्षा योजनामा समावेश हुन सक्ने :**

१) अनौपचारिक क्षेत्रका श्रमिक, अतिविपन्न कृषक तथा स्वरोजगारमा रहेका व्यक्तिले समितिको सिफारिसमा स्थानिय राजपत्रमा सूचना प्रकाशन गरी तोकिए वमोजिमको योगदान कोषमा जम्मा गरी सामाजिक सुरक्षाकोषमा सहभागी हुनसक्ने छन् ।

२ं उपदफा १ वमोजिमका योगदान कर्तालाई सामाजिक सुरक्षा योजनामा प्रोत्साहन गर्न त्यस्तो व्यक्तिले सामाजिक सुरक्षा योजनामा गरेको योगदानको आधारमा तोकिएको वमोजिमको रकम नगरपालिकाले कोषमा जम्मा गरिदिने छ ।

**(६) योगदानको दर तथा योगदानको रकम :** १) योगदानकर्ता तथा नगरपालिकाले सामाजिक सूरक्षा कोषमा गर्ने योगदान सम्वन्धी व्यवस्था देहाय वमोजिम हुनेछ ।

(क) योगदानकर्ताको न्युनतम योगदान रकम रु ५०० कायम भएमा नगरपालिकाको तर्फबाट रु २०० ।

(ख) योगदानकर्ताको न्युनतम योगदान रकम रु १००० कायम भएमा नगरपालिकाको तर्फबाट रु २५० ।

(ग) योगदानकर्ताको न्युनतम योगदान रकम रु १५०० कायम भएमा नगरपालिकाको तर्फबाट रु ३०० ।

२) सामाजिक सुरक्षा योजनामा सहभागी भएका योगदानकर्ताको संख्या, मुद्रास्फिति, कोषको आर्थिक अवस्था, सामाजिक सुरक्षा योजनाको संख्याको आधारमा उपदफा १ वमोजिमको दरमा समितिको सिफारिसमा नगरपालिकाले स्थानिय राजपत्रमा सूचना प्रकाशन गरी थपघट वा  हेरफेर गर्न सक्नेछ ।

**(७) योगदान रकम असुली तथा फिर्ता** : (१) योगदानकर्ताले दफा ६ बमोजिम नियमित रुपमा कोषमा रकम जम्मा नगरेमा योगदान रकमको १०% जरिवाना सहित आउदो महिनामा जम्मा गर्नु पर्नेछ । लगातार ३ महिनासम्म पनि योगदान नगर्ने योगदानकर्तालाई सामाजिक सुरक्षा योजनावाट हटाउन सकिनेछ ।

(२) छ (६) महिनासम्म भन्दा कम समयमा सूचिबाट हटेमा वा हटाइएमा योगदानकर्ता व्यक्तिले योगदान गरेको रकम मात्र फिर्ता गरिनेछ ।

**(८) सामाजिक सुरक्षा योजना संचालन गर्ने :** १)  कोषले यस ऐनको अधिनमा रही देहायका सामाजिक सुरक्षा योजनाहरु संचालन गर्नेछ ।

(क) औषधि उपचार तथा स्वास्थ्य सुरक्षा योजना

(ख) मातृत्व सुरक्षा योजना्

(ग) दुर्धटना सुरक्षा योजना

(घ) अशक्तता सुरक्षा योजना

(ङ) वृद्ध अवस्थाा सुरक्षा योजना

(च) आश्रित परिवार सुरक्षा योजना

(छ) बेरोजगार सहायता योजना

(ज) कोषले तोकेको अन्य सामाजिक सुरक्षा योजना

२) कोषले नगरपालिकाले तोकेको प्राथमिकताको आधारमा सामाजिक सुरक्षा योजना संचालन गर्नेछ ।

३) कोषले उपदफा १ वमोजिमका सामाजिक सुरक्षा योजना चरणवद्ध रुपमा संचालन गर्नेछ ।

४) कोषमा तोकिए वमोजिमको अवधिसम्म योगदान गर्ने योगदानकर्तालाई निजको योगदानको अनुपातमा तोकिए वमोजिमको सामाजिक सुरक्षा योजनामा समावेश गरिनेछ र सो योजनामा प्रदान गरिने सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**(९) फरक फरक सामाजिक सुरक्षा योजना संचालन गर्न सक्ने :** १) कोषले सामाजिक सुरक्षा योजनामा सहभागी योगदान कर्ताको कामको प्रकृति र आवश्यकताको आधारमा फरक फरक प्रकृतिको सामाजिक सुरक्षा योजना संचालन गर्न सक्नेछ ।

२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि एकै प्रकृतिका वा समान योगदानकर्तालाई फरक फरक लाभ हुने गरी कुनै सुरक्षा योजना संचालन गरिने छैन ।

**(१०) सामाजिक सुरक्षा योजनामा सहभागी भएको मानिने :** १) सामाजिक सुरक्षा योजनामा योगदान गरेको योगदानकर्ता कोषमा सूचिकरण भएको दिनदेखि निज कोषले संचालन गर्ने सामाजिक सुरक्षा योजनामा सहभागी भएको मानिनेछ ।

२) उपदफा १ वमोजिम सामाजिक सुरक्षा योजनामा सहभागी भएको योगदान कर्ता तथा तोकिएको आधारमा निजको आश्रित परिवारले सामाजिक सुरक्षा योजना वमोजिमको सुविधा प्राप्त गर्नेछ ।

**(११) सुविधा भुक्तानी दिने** : १) कोषले सामाजिक सुरक्षा योजनामा समावेश भएको योगदान कर्तालाई सम्वन्धित सुरक्षा योजनामा तोकिएको वमोजिमको सुविधाको भुक्तानी गर्नेछ ।

२) उपदफा १ वमोजिमको सुविधा प्राप्त गर्नु अगावै सुरक्षा योजनामा सहभागी भएको कुनै योगदान कर्ताको मृत्युभएमा वा प्रचालित कानुनमा तोकिएको अवधिसम्मपनि जिवित रहेको यकिन नभएमा निजले पाउने सुविधा निजले कसैलाई इच्छाएको भए त्यस्तो इच्छाएको व्यक्तिलाई र निजले कसैलाई पनि इच्छाएको नभएमा निजको आश्रित परिवारलाई त्यस्तो सुविधा भुक्तानी गर्नु पर्नेछ ।

**(१२) सुविधाको निलम्वन तथा समाप्ती** : यस ऐन वमोजिम योगदान कर्ताले पाउने सुविधाको निलम्वन तथा समाप्ती तोकिए वमोजिम हुनेछ ।

**(१३) असुल उपर गरिने :** (१) सामाजिक सुरक्षा योजनामा समावेश नभएको व्यक्तिले यस ऐन वमोजिम सुविधा प्राप्त गरेको वा यस ऐन वमोजिम पाउनुपर्ने सुविधा भन्दा वढी सुविधा कसैले प्राप्त गरेको व्यहोरा कुनै किसिमवाट जानकारी हुन आएमा त्यस्तो व्यक्तिवाट सो रकम कोषले तोकिए वमोजिम असुल उपर गर्नेछ ।

२) उपदफा १ वमोजिम असुल उपर भएको रकम कोषमा जम्मा गर्नु पर्नेछ ।

## परिच्छेद- ३
## कोषमा सूचिकरण सम्वन्धी व्यवस्था :

**(१४) सूचिकृत हुने सूचना प्रकाशित गर्ने** : १) नगरपालिकाले समितिको सिफारिसमा स्थानिय राजपत्रमा सूचना प्रकाशन गरी तोकिएको क्षेत्र तथा प्रकृतिका कार्यगर्ने मजदुर वा श्रमिक, स्वरोजगारमा रहेका व्यक्ति तथा अति विपन्न कृषकहरुलाई तोकिए वमोजिमको अवधि भित्र कोषमा सूचिकृत हुन सुचना प्रकाशित गर्नेछ ।

२) उपदफा १ वमोजिम प्रकाशित सूचनामा तोकिएको अवधि भित्र श्रमिक, मजदुर, स्वरोजगारमा रहेका व्यक्ति तथा अति विपन्न कृषकहरुले तोकिएको विवरण सहित तोकिएको ढाचामा कोषको सचिवालयमा निवेदन दिनुपर्नेछ ।

३) उपदफा २ वमोजिम तोकिएको विवरण सहित निवेदन प्राप्त भएमा समितिको सिफारिसमा कोषले सम्वन्धित व्यक्तिलाई सूचिकृत गरी तोकिए वमोजिमको ढाँचामा सूचिकरण नम्वर दिनेछ ।

**(१५) सूचिकृत भएको मानिने** : यस परिच्छेद वमोजिम योगदान कर्ताले सुचिकरण भएको सुचिकरण नम्वर तथा सामाजिक सुरक्षा नम्वर प्राप्त गरेपछि त्यस्तो योगदानकर्ता सामाजिक सुरक्षा कोषमा सूचिकृत भएको मानिनेछ ।

**(१६) सूचिकरण सम्वन्धी अभिलेख :** १)यस परिच्छेद वमोजिम कोषमा सूचिकृत हुने व्यक्तिहरुको सूचिकरण सम्वन्धी अभिलेख एकिकृत कम्प्यूटर प्रणालीमा आधारित हुनेछ ।

२) उपदफा १ वमोजिमको अभिलेखमा रहेको व्यक्तिको वैयत्तिक तथा जैविक सूचनाको उपयोग कोषको प्रयोजनमा वाहेक अन्यत्र गरिने छैन ।

३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रचलित कानून वमोजिम अनुसन्धान वा न्यायिक कारवाहीमा सहयोग पुऱ्याउने प्रयोजनका लागि अख्तियार प्राप्त अधिकारीवाट माग भएमा त्यस्तो अभिलेखमा रहेको सूचना उपलव्ध गराउन वाधा पुगेको मानिने छैन ।

## परिच्छेद- ४
## कोषको स्थापना तथा संचालन सम्वन्धी व्यवस्था

**(१७) कोषको स्थापना :** १) सामाजिक सुरक्षाको संचालन र व्यवस्थापन गर्न सामाजिक सुरक्षा कोषको स्थापना गरिनेछ र सो कोषमा देहाय अनुसारका रकमहरु रहने छन् ।

(क) सामाजिक सुरक्षा योजनाको प्रयोजनका लागि योगदान कर्ताको योगदान वापतको रकम ।

(ख) यस ऐन वमोजिम नगरपालिकाले योगदान कर्ताको नाममा थप गरेको रकम ।

(ग) नगरसभावाट सामाजिक सुरक्षा कोषलाई प्राप्त हुने रकम ।

(घ) कोषको रकम लगानीवाट प्राप्त हुने व्याज तथा मुनाफाको रकम ।

(ङ) अन्य कुनै श्रोतवाट प्राप्त रकम ।

२) उपदफा १ वमोजिम कोषमा प्राप्त हुने सम्पुर्ण रकम यस ऐनको अधिनमा रही प्रचलित वैंक तथा वित्तिय संस्था सम्वन्धी कानुन वमोजिम वित्तिय कारोवार गर्न इजाजत प्राप्त (क) वर्गको वैंक वा वित्तिय संस्थामा खाता खोली जम्मा गरिनेछ ।

## परिच्छेद- ५
## कोषको संचालक समिति सम्वन्धी व्यवस्था

**(१८) संचालक समिति** : १) यस ऐनको परिधि भित्र रही सामाजिक सुरक्षा कार्यक्रम संचालन गर्न एक संचालक समिति गठन गरिनेछ ।

२) उपदफा १ वमोजिम गठन हुने समितिमा देहाय वमोजिमका पदाधिकारीहरु रहने छन् ।

| | |
|---|---|
| (क)) नगर प्रमुख | अध्यक्ष |
| (ख) उप प्रमुख | सदस्य. |
| (ग) सामाजिक विकास समितिका संयोजक | सदस्य |
| (घ) आर्थिक विकास समितिका संयोजक | सदस्य |
| (ङ) कार्यपालिकाद्वारा मनोनित एकजना महिलासहित २ जना कार्यपालिका सदस्य र १ जना नगर सभा सदस्य - | सदस्य |
| (च) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (छ) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (ज) स्थानिय उद्योग वाणिज्य संघको अध्यक्ष | सदस्य |
| (झ) कोष अधिकारी | सदस्य सचिव |

३) समितिका मनोनित सदस्यहरुको कार्यकाल ३ (तीन ) वर्षको हुनेछ ।

**(१९) समितिको वैठक र निर्णय** : १) समितिको वैठक आवश्यकता अनुसार वस्नेछ ।

२) समितिको वैठक अध्यक्षले तोकको मिति, स्थान र समयमा वस्नेछ ,

३) समितिको सदस्य सचिवले समितिको वैठक वस्नु भन्दा अघि वैठकमा छलफल हुने विषयको साथमा वैठक वस्ने मिति, समय र स्थानको वारेमा सदस्यहरुलाई जानकारी गराउनुपर्नेछ ।

४) ५०% भन्दा वढी समितिका सदस्यहरुको उपस्थिती भएमा वैठकको लागि गणपुरक संख्या पुगेको मानिने छ ।

५) समितिका निर्णय सकभर सर्वसम्मत हुनेछ । सो हुन नसकेमा वहुमतको निर्णय समूहको निर्णय मानिनेछ ।

६) समितिले आवश्यकता अनुसार कुनै विज्ञ वा विशेषज्ञलाई समितिको वैठकमा आमन्त्रण गर्न सक्ने छ । समितिको वैठकमा आमन्त्रित व्यक्तिलाई मतदानको अधिकार हुने छैन ।

७) समितिको वैठकको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ ।

८) समितिको वैठक सम्वन्धी अन्य कार्यविधी तोकिए वमोजिम हुनेछ ।

**(२०) समितिको काम, कर्तव्य र अधिकार** : १) यस ऐनमा अन्य उल्लेखित काम कर्तव्य र अधिकारको अतिरिक्त समितिको अन्य काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

(क) सामाजिक सुरक्षा योजना सम्वन्धी निति तर्जुमा गर्ने ।

(ख) सामाजिक सुरक्षा सम्वन्धी विषयमा नगरपालिकालाई सुझाव दिने ।

(ग) सामाजिक सुरक्षा योजना वजेट र कार्यक्रम स्वीकृत गरी कोषको संचालन र व्यवस्थापन गर्ने ।

(घ) विभिन्न सामाजिक सुरक्षा योजनाको समुचित रुपमा संचालन र व्यवस्थापन गर्न आवश्यक रकमको व्यवस्था गर्ने ।

(ङ) कोष अधिकारीवाट सम्पादन हुने काम कारवाहीको समन्वय तथा अनुगमन गर्ने

(च) कोषमा सूचिकृत सम्पुर्ण व्यक्तिको व्यक्तिगत विवरण अद्यावधिक गरी राख्ने ।

(छ) कोषको नियमित रुपमा लेखा परिक्षण तथा कोषको समग्र आर्थिक तथा वित्तिय अवस्थाको मुल्याङ्कन गर्ने गराउने ।

(ज) सामाजिक सुरक्षा योजना संचालन गर्ने सम्वन्धमा आवश्यक कार्य गर्ने ।

(झ) योगदान कर्ताको परिचय पत्र सम्वन्धी व्यवस्था गर्ने ।

(ञ) तोकिए वमोजिमका अन्य कार्य गर्ने ।

२) समितिले आफुलाई प्राप्त अधिकार मध्ये केही अधिकार समितिको अध्यक्ष, सदस्य वा कोष अधिकारी वा कोषको कुनै कर्मचारीलाई प्रत्योजन गर्न सक्ने छ ।

**(२१) कोषको रकम लगानी** : यस ऐन वमोजिम सामाजिक सुरक्षा कोषमा जम्मा भएको रकम लगानी सम्वन्धी व्यवस्था तोकिए वमोजिम हुनेछ ।

**(२२) कोषको लेखा** : १) कोषको लेखा प्रचलित कानुन वमोजिम राखिने छ ।

२) उपदफा १ वमोजिम राखिने कोषको लेखा विद्युतिय स्वरुपमा समेत राख्न सकिने छ ।

**(२३) कोषको लेखापरिक्षण** : १) कोषको हिसाव किताव र श्रेस्ताको लेखा परिक्षण नियम बमोजिम हुनेछ

२) कोषको नियमित रुपमा लेखा परिक्षण गराउने कार्यको जिम्मेवारी कोष अधिकारीको हुनेछ ।

३) कोषको लेखा परिक्षण गराउने कार्यमा सहयोग गर्नु सम्वन्धित सवैको कर्तव्य हुनेछ ।

**(२४) आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्ने** : १) कोषले आफनो संगठन संरचना, जनशक्ति व्यवस्थापन, आर्थिक पारदर्शिता तथा सूचना प्रणालीको समुचित प्रवन्ध गरी तोकिए वमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ ।

२) आन्तरिक नियन्त्रण प्रणालीसंग सम्वन्धीत अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

**(२५) उपसमिति गठन गर्न सक्ने** :१) समितिले यस ऐन वमोजिम सम्पादन गर्नु पर्ने काम कारवाहीमा सहयोग पुऱ्याउन लगानी, सामाजिक सुरक्षा व्यवस्थापन, लेखा परिक्षण लगायतका विषयमा आवश्यकता अनुसार सम्वद्ध क्षेत्रका विज्ञसमेत रहेको उपसमिती गठन गर्न सक्ने छ ।

२) उपदफा १ वमोजिम गठित उपसमितिको काम, कर्तव्य अधिकार र कार्यविधि तथा त्यस्तो उपसमितिका सदस्यले पाउने सुविधा समितिले त्यस्तो उपसमिति गठन गर्दाको वखत तोकि दिए वमोजिम हुनेछ ।

**परिच्छेद- ६**

**व्यक्तिको पहिचान, अभिलेख र परिचय पत्र**

**(२६) सामाजिक सुरक्षा पाउने व्यक्तिको पहिचान** : यस ऐन वमोजिम सामाजिक सुरक्षा प्राप्त गर्न योग्य व्यक्तिको पहिचान गर्न कोषले सुचना प्रविधिमा आधारित प्रणालीको विकास गर्नेछ ।

**(२७) सामाजिक सुरक्षा पाउने योगदान कर्ताको अभिलेख र दर्ता** : १) सामाजिक सुरक्षा प्राप्त गर्ने योगदान कर्ता समितिले तोके वमोजिमको अभिलेख प्रणालीमा आवद्ध हुने पर्नेछ ।

२) उपदफा १ को प्रयोजनका लागि समितिले नगरपालिकामा उपलव्ध सवै प्रकारका अभिलेख प्रणालीवाट सुचना र व्यक्तिगत विवरण प्राप्त गर्न सक्ने छ ।

**स्पष्टीकरण : यस दफाको प्रयोजनका लागि " नगरपालिकामा उपलव्ध सवै प्रकारका अभिलेख प्रणाली" भन्नाले नगरपालिकाको व्यक्तिगत घटना दर्ता अभिलेख, राष्ट्रिय परिचय पत्रको लागि तयार भएको विवरण, गरिव घरपरिवार परिचय पत्रको लागि तयार भएको विवरण, नगर क्षेत्रका सार्वजनिक तथा निजी विद्यालय, सार्वजनिक संस्थान र प्रचलित कानुन वमोजिम स्थापित भएका उद्योग, कम्पनी, संघ, संस्था, फर्म वा प्रतिष्ठानमा रहेको व्यक्तिहरुको वैयक्तिक विवरणको अभिलेख सम्झनु पर्दछ ।**

३) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि कोषमा व्यक्तिको अभिलेख र दर्ता प्रकृयाको लागि नगरपालिकामा उपलव्ध सवै प्रकारका अभिलेख प्रणालीमा रहेको व्यक्तिगत विवरणको अभिलेखमा कोषको पहुच रहने छ ।

**(२८) सामाजिक सुरक्षा नम्वर निर्धारण** : १) समितिले सामाजिक सुरक्षामा आवद्ध हुने प्रत्येक योगदानकर्ताको लागि तोकिएको अंकको सामाजिक सुरक्षा नम्वर निर्धारण गर्नेछ ।

२) कोषमा सुचिकृत हुने योगदान कर्तालाई समितिले उपदफा १ वमोजिमको सामाजिक सुरक्षा नम्वर सहितको परिचय पत्र निशुल्क प्रदान गर्नेछ ।

३) उपदफा २ वमोजिमको परिचय पत्रको ढाँचा तोकिए वमोजिम हुनेछ ।

४) यस ऐन वमोजिम योगदान कर्ताले प्राप्त गर्ने सामाजिक सुरक्षा उपदफा २ वमोजिमको सामाजिक सुरक्षा नम्वर सहितको परिचय पत्रको आधारमा प्राप्त हुनेछ ।

५) उपपदफा १ वमोजिमको सामाजिक सुरक्षा नम्वरको आधारमा कोषलाई आवश्यक पर्ने योगदानकर्ताको सामाजिक सुरक्षा, आय तथा रोजगारी लगायतका सूचना हरुको अभिलेख राखिने छ ।

## परिच्छेद ७
## कोष अधिकारी तथा कर्मचारी सम्वन्धी व्यवस्था

**(२९) कोष अधिकारी** : १) कोषको प्रशासकिय प्रमुखको रुपमा कार्य सम्पादन गर्ने एक जना कोष अधिकारी रहने छ । कोष अधिकारी आफनो काम कारवाहीको सम्वन्धमा समिति प्रति उत्तरदायी हुनेछ ।

२) समितिले नगरपालिकाको विद्यमान संगठन संरचनावाट अधिकृत स्तरको कर्मचारीलाई कोष अधिकारीको जिम्मेवारी प्रदान गर्नेछ ।

३) उपदफा - २ वमोजिम जिम्मेवारी प्रदान गर्दा सम्वन्धित कर्मचारी कम्तिमा अर्थशास्त्र, व्यवस्थापन, वाणिज्य शास्त्र वा कानुनमा स्नातक भएको हुनुपर्नेछ ।

४) उपदफा ३ वमोजिमको योग्यता भएको कर्मचारी विद्यमान नरहेमा समितिले तोके वमोजिम हुनेछ ।

५) देहायको अवस्थामा समितिले कोष अधिकारीलाई आफनो जिम्मेवारीवाट मुक्त गर्न सक्ने छ ।

(क) यस ऐन वमोजिम सम्पादन गर्नु पर्ने कार्यहरु गर्न गराउन कार्य क्षमताको अभाव भएमा ।

(ख) कोषको काम कारवाहीमा वेइमानी वा वदनियत गरेको देखिएमा ।

(ग) पद अनुसारको आचरण नगरेमा वा

(घ) कार्य सम्पादनको स्तर सन्तोषजनक नभएमा ।

६) उपदफा ५ वमोजिम कोष अधिकारीलाई जिम्मेवारी मुक्त गर्नु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौका दिनुपर्नेछ ।

७) कोष अधिकारीको सुविधा सम्वन्धी व्यवस्था तोकिए वमोजिम हुनेछ ।

**(३०) कोष अधिकारीको काम, कर्तव्य र अधिकार** : १) यस ऐनमा अन्यत्र उल्लेखित काम कर्तव्य र अधिकारको अतिरिक्त कोष अधिकारीको अन्य काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

(क) समितिको निर्णय कार्यान्वियन गर्ने गराउने ।

(ख) कोषको दिर्घकालिन योजना, वार्षिक कार्यक्रम तथा वजेट तयार गरी स्वीकृतीको लागि समिति समक्ष पेश गर्ने ।

(ग) समितिवाट स्वीकृत योजना र वार्षिक कार्यक्रम कार्यान्वियन गर्ने गराउने ।

(घ) कोषवाट भए गरेका कामको प्रगति विवरण आवधिक रुपमा समितिमा प्रस्तुत गर्ने

(ङ) कोषको दैनिक प्रशासनिक कार्यहरु संचालन गर्ने ।

(च) कोषको चल अचल सम्पतिको संरक्षण, सम्वर्धन गर्ने गराउने ।

(छ) समितिको निर्णय प्रमाणित गरी अभिलेख राख्ने ।

(ज) तोकिएका अन्य कार्यहरु गर्ने ।

**(३१) विशेषज्ञ वा सल्लाहकार नियुक्त गर्न सक्ने :** १) कोषले यस ऐन वमोजिमको कार्य सम्पादन गर्न आवश्यक पर्ने विशेषज्ञ सेवा प्राप्त गर्ने प्रयोजनका लागि आवश्यकतानुसार विशेषज्ञ तथा सल्लाहकार नियुक्त गर्न सक्ने छ ।

२) उपदफा १ वमोजिम नियक्त हुने विशेषज्ञ तथा सल्लाहकारको योग्यता, पारिश्रमिक, सेवाको सर्त तथा सुविधा सम्वन्धी व्यवस्था तोकिए वमोजिम हुनेछ ।

**(३२) कोष अधिकारीको पद रिक्त हुने अवस्था :** देहायका अवस्थामा कोष अधिकारीको पद रिक्त हुनेछ ।

१) कोष अधिकारीले समिति समक्ष राजिनामा दिई सो राजीनामा स्वीकृत भएमा ।

२) निजको मृत्यु भएमा ।

३) निज सरुवा भइ अन्यत्रको कार्यालयमा गएमा ।

४) भ्रष्टाचारको अभियोग लागि वा फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएमा ।

**(३३) कोषका कर्मचारी :** १) कोषको कार्य संचालनको निमित्त कोषमा आवश्यक संख्यामा कर्मचारीहरुको व्यवस्था नगरपालिकाले गर्नेछ ।

२) कोषका कर्मचारकिो सुविधा सम्वन्धी व्यवस्था तोकिए वमोजिम हुनेछ ।

**(३४) कोषको संचालन** : कोषको संचालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद- ८
## कसुर र दण्ड सजाय सम्वन्धी व्यवस्था

**(३५) कसुर गरेको मानिने** : १) यस ऐन वमोजिम कोष संचालकले कोषमा जम्मा गर्नु पर्ने रकम यस ऐनमा उल्लेखित अवधि भित्र जम्मा नगरी हिना मिना गरेमा वा सम्बन्धीत योगदानकर्ताले गलत वा झुटा विवरण पेश गरी यस ऐन वमोजिमको सुविधा लिएमा वा पाउनुपर्ने सुविधा भन्दा वढी सुविधा लिएमा वा सामाजिक सुरक्षा सम्वन्धी कुनै पनि कार्यक्रममा अनियमितता गरेमा यस ऐन वमोजिम कसुर गरेको मानिनेछ ।

२) उपदफा १ वमोजिमको कसुर गरेमा विगो खुलेकोमा विगो वमोजिमको जरिवाना र विगो नखुलेकोमा ५० हजार रुपैँयासम्म जरिवाना हुनेछ ।

३) उपदफा १ वमोजिमको कसुरमा मतियार हुने वा त्यस्तो कसुर गर्न दुरुत्साहन गर्ने व्यक्ति लाई सोही कसुर गरे वापत मुख्य व्यक्तिलाई हुने सजायको आधा सजाय हुनेछ ।

**(३६) कसुरको अनुसन्धान :**१) दफा ३५ वमोजिम कुनै कसुर भए गरेको वा हुन लागेको कुरा कसैको उजुरी परि वा अन्य कुनै तरिकावाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कोषलाई जानकारी हुन आएमा कोष अधिकारीले सो सम्वन्धमा आवश्यक अनुसन्धान गर्न गराउन सक्ने छ ।

२) कसुरको अनुसन्धान तथा तहकिकात सम्वन्धी अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

**(३७) कोषको आदेश पालना नगरेमा जरिवाना हुने** : कोषले यस ऐन वमोजिम दिएको आदेश पालना नगर्ने व्यक्तिलाई रु. ३० हजारसम्म जरिवाना गर्न सक्ने छ।

**(३८) पुनरावेदन सम्वन्धी व्यवस्था** : कोषले दिएको आदेश तथा निर्णय उपर चित्त नवुझने व्यक्तिले त्यस्तो आदेश वा निर्णय भएको जानकारी पाएको मितिले ३५ दिन भित्र न्यायीक समित वा सम्वन्धीत जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

## परिच्छेद- ९
## विविध

**(३९) अन्य कोष सम्वन्धी व्यवस्था** : १) कोषले सामाजिक सुरक्षा सम्वन्धी कार्यक्रम संचालन गर्ने प्रयोजनका लागि आवश्यकता अनुसार अन्य कोषहरुको स्थापना गर्न सक्ने छ।

२) उपदफा १ वमोजिमको कोषमा रहने रकम तथा सो को संचालन सम्वन्धी व्यवस्था तोकिए वमोजिम हुनेछ।

**(४०) वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने :** १) कोषले सामाजिक सुरक्षामा भएको खर्च, लाभान्वित समूहको विवरण सहितको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र नगरपालिका समक्ष पेश गर्नुपर्नेछ।

२) उपदफा १ वमोजिमको वार्षिक प्रतिवेदनमा रहने विवरण तोकिए वमोजिम हुनेछ।

३) उपदपफा १ वमोजिम पेश भएको वार्षिक प्रतिवेदन नगरपालिकाले सर्वसाधारणको जानकारी लागि सार्वजनिक गर्नेछ।

**(४१) सरकारी वाकी सहर असुल उपर गर्ने** : यस ऐन वमोजिम कोषले असुल गर्नु पर्ने रकम सरकारी वाकी सरह असुल उपर गर्न सक्ने छ।

**(४२) सामाजिक सुरक्षा स्वेच्छिक हुने** : यस ऐन वमोजिम सामाजिक सुरक्षा अर्न्तगत प्राप्त हुने कुनै सुविधा कसैले लिन नचाहेमा वा प्राप्त सुविधा छोडन चाहेमा स्वेच्छिक रुपमा त्यस्तो सुविधा नलिन वा छाडन सक्ने छ।

**(४३) दावि नपरेको रकम कोषमा जम्मा गर्नु पर्ने** : १) यस ऐन वमोजिम योगदान कर्ताको सुविधाको रकम निज योगदान कर्ता वा निजको इच्छाएको व्यक्तिले ५ वर्षसम्म भुक्तानी नलिएमा सो रकम कोषमा जम्मा गर्नु पर्नेछ।

शिवसताक्षी नगरपालिका, झापा

**(४४) सहयोग लिन सक्ने** : कोषले यस ऐन वमोजिम कार्य सम्पादन गर्दा आवश्यकता अनुसार श्रमिकसंग सम्वन्धित पेशागत तथा व्यवसायिक संगठन, स्थानिय प्रशासन, सम्वद्ध निकाय तथा पदाधिकारीहरुसंग आवश्यक सहयोग लिन सक्नेछ ।

२) उपपदफा १ वमोजिम सहयोग माग भएमा आवश्यक सहयोग गर्नु सम्वन्धित निकाय तथा पदाधिकारीको कर्तव्य हुनेछ ।

**(४५) वित्तिय विवरण सार्वजनिक गर्नु पर्ने :** १) कोष अधिकारीले प्रत्येक ६महिनामा कोषको वित्तिय विवरण तयार गरी समिति समक्ष पेश गर्नु पर्नेछ ।

२)) समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिना भित्र कोषको वार्षिक वित्तिय विवरण नगर सभामा सार्वजनिक गर्नु पर्नेछ ।

**(४६) नगरपालिकाको दायित्व** : कुनै कारणले सामाजिक सुरक्षा योजनामा सहभागी योगदान कर्तालाई सामाजिक सुरक्षा योजना वमोजिमको सुविधा उपलव्ध गराउन कोषको भएको रकम अपर्याप्त भएमा सामाजिक सुरक्षा योजनालाई निरन्तरता दिने दायित्व नगरपालिकाको हुनेछ ।

**(४७) कोषको विघटन** : १) समितिको सिफारिसमा नगर कार्यपालिकाले कोषको विघटन गर्न सक्नेछ ।

२) उपदफा १ वमोजिम कोष विघटन भएमा कोषको दायित्य तथा सम्पती  नगरपालिकामा सर्नेछ ।

**(४८) नगरपालिकाले निर्देशन दिन सक्ने** : १) नगर कार्यपालिकाले आवश्यकता अनुसार कोषलाई निर्देशन दिन सक्ने छ ।

२) उपदफा १  वमोजिम दिएको निर्देशन पालना गर्नु कोषका पदाधिकारीको कर्तव्य हुनेछ ।

**(४९) यस ऐन वमोजिम हुने** :  यस ऐन वमोजिम लेखिएको कुरामा यसै ऐन वमोजिम र अन्यमा प्रचलित कानुन वमोजिम हुनेछ ।

**(५०) नियम वनाउन सक्ने** : यस ऐनको कार्यान्वयन गर्न नगर कार्यपालिकाले आवश्यक नियमहरु वनाउन सक्ने छ ।

**(५१) कार्यविधी तथा निर्देशिका वनाउन सक्ने** : कोषले यस ऐन तथा ऐन अर्न्तगतको नियमको आधारमा आर्थिक तथा प्रशासनिक कार्य संचालन गर्नका लागि आर्थिक तथा कर्मचारी प्रशासन सम्वन्धि  कार्यविधि तथा निर्देशिकाहरु वनाउन सक्नेछ ।

आज्ञाले
सुरेन्द्र दाहाल
नि.प्रमुख प्रशासकीय अधिकृत